त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ त्रिपुराकोट खण्ड : १५ २०७५ असोज १ गते

भाग २ अंक

त्रिपुरासुन्दरी नगरपालिकाको

**वन सम्पदा सम्बन्धी कार्यविधि, २०७५**

**प्रस्तावना**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको वन संरक्षण र सुव्यवस्था गर्न तथा जनताको आधारभूत आवश्यकता परिपूर्ती गर्दै सामाजिक, आर्थिक विकास गर्न र स्वस्थ वातावरणको प्रवर्द्धन गर्न एवं वनको विकास, संरक्षण, वन पैदावारको सदुपयोग गर्न आवश्यक देखिएकोले त्रिपुरासुन्दरी नगरपालिकाको वन सम्पदा सम्बन्धी कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम त्रिपुरासुन्दरी नगरपालिकाको **वन सम्पदा सम्बन्धी कार्यविधि, २०७५** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"अध्यक्ष"** भन्नाले उपभोक्ता समूहको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) **"प्रमुख"** भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको नगर प्रमुखलाई जनाउछ ।

(ग) **"ऐन"** स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउछ ।

(घ) **"कार्यविधि"** त्रिपुरासुन्दरी नगरपालिकाको वन सम्पदा सम्बन्धी कार्यविधि, २०७५ लाई सम्झनु पर्दछ ।

(ङ) **"कार्यालय"** भन्नाले त्रिपुरासुन्दरी नगरकार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(च) **"कार्यपालिका"** भन्नाले त्रिपुरासुन्दरी नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) **"वडा"** भन्नाले त्रिपुरासुन्दरी नगरपालिका भित्रका वडालाई सम्झनु

पर्दछ ।

(ञ) **"वन"** भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको क्षेत्रभित्र पूर्ण वा आंशिक रुपमा रुखहरुले ढाकिएको क्षेत्र सम्झनु पर्दछ ।

(झ) **"उपभोक्ता समूह"** भन्नाले वनको संरक्षणका लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समूह सम्झनु पर्दछ ।

(ञ) **"वन पैदावार"** भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहाइको पैदावार सम्झनु पर्दछ ।

(१) काठ, दाउरा, गोल, खोटो, काठको, तेल, बोक्रा वा

(२) रुख, पात, फल, फूल, यार्सागुम्बा, चिराइतो, कुटकी लगायत सबै प्रकारका जङगली जडीबुटी, वनस्पति तथा तिनका भाग वा अंग वा

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी, वालुवा ।

## परिच्छेद - २

## वन व्यवस्थापन

**३. वन सिमाना:**

(१) त्रिपुरासुन्दरी नगरपालिकाको क्षेत्र भरी कायम रहेको वन क्षेत्र नै वन सिमाना कायम रहनेछ ।

(२) उप नियम (१) बमोजिमको वन क्षेत्रको सिमाना नगर कार्यपालिकाबाट तोकिएको ब्यक्ति वा निकाय मार्फत वनको सिमाना छुट्याई वन सिमानामा चिन्ह लगाउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको वन सिमानाको चार किल्ला अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

**४. सामुदायिक वन:**

उपभोक्ता समूहले कार्ययोजना बमोजिम वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न नगर कार्यपालिकाले निर्धारण गरेको वन पैदावारको मूल्यमा बिक्री वितरण गरी नगर कार्यपालिकाले तोकेको रकम

नगरपालिकामा बुझाउने गरी नगर पालिकाको क्षेत्र भित्रको वनको कुनै भाग नगर कार्यपालिकाले उपभोक्ता समूहलाई जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

५. **कबुलियति वन:**

नगरपलिकाको कार्यपालिकाले निम्न उद्देश्यका लागी आफ्नो क्षेत्रको वनको कुनै भागलाई कबुलियति वनको रुपमा रुपान्तरण गर्न सक्नेछ ।

(क) वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारले उत्पादनमा अभिवृद्धी गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय संचालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली कार्य संचालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी किट, पतङ्ग तथा वन्यजन्तुको फार्म संचालन गर्न ।

६. **धार्मिक वन:** नगर क्षेत्र भित्र रहेको कुनै धार्मिक स्थल वा त्यसको वरपरको वनको विकास संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय वा समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलाई नगरपालिकामा निवेदन दिएमा नगर कार्यपालिकाले सो क्षेत्रलाई धार्मिक वन क्षेत्र कायम गरी त्यस्तो धार्मिक निकाय समूह वा समुदायलाई जिम्मेवारी सुम्पन सक्नेछ ।

७. **निजी वन:** कुनै व्यक्तिले आफ्नो हक भोग भएको जग्गामा निजी वन बनाउने इच्छा कायम गरी नगरपालिकामा निवेदन दिएमा निजि वनको विकास संरक्षण व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्ने गरी नगर कार्यपालिकाले अनुमति दिन सक्नेछ ।

८. **कार्ययोजना:** नगर कार्यपालिकाले निम्न बिषय खुलाई आफ्नो क्षेत्र भित्रको

वन व्यवस्थापन कार्य योजना तयार गर्नुपर्नेछ ।

(क) सबै जङ्गल, झाडी, बुट्यान, घाँसे जग्गाले ओगटेको तथा खाली पर्ती रहेको क्षेत्र,

(ख) जनसंख्या, जनघनत्व तथा वन पैदावारको उपयोग सम्बन्धी विवरण,

(ग) वन पैदावारको विवरण,

(घ) वन जङ्गलको विकास तथा संरक्षण सम्बन्धी कार्यक्रम र उपाय,

(ङ) वन पैदावारको संकलन, उपयोग तथा बिक्री सम्बन्धी वार्षिक विवरण,

(च) स्थानीय जनतालाई आवश्यक पर्ने वन पैदावार,

(छ) भू-संरक्षण, पर्यटन, विकास, वातावरण र ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

(ज) वन व्यवस्थापनको लागी उपयुक्त अन्य विवरणहरु ।

९. **वन क्षेत्रमा निषेधित कार्यहरु:** नगर पालिकाको नगर प्रमुख वा उप प्रमुख वा नगर प्रमुखले तोकेको कर्मचारीको लिखित अनुमति नलिई वन क्षेत्रमा देहाएका काम गर्न पाइने छैन ।

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरु कुनै बनौट बनाउन वा भोग गर्न,

(ख) कुनै भूभाग कव्जा गर्न, नोक्सानी पुर्याउन, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(ग) घर पालुवा जनावरलाई छाडा छोड्न,

(घ) रुख विरुवा झाडी वा अन्य कुनै वन पैदावार काट्न ढाल्न हटाउन छेक्न छाट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा वन पैदावारमा आगो लगाउन,

(ङ) ढुङ्गा, वालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ, माटो हटाउन निकाल्न,

(च) वन्यजन्तुको शिकार गर्न,

(छ) वन पैदावार वा वन्यजन्तु पंक्षी वा जग्गालाई क्षती पुर्याउन ।

## परिच्छेद - ३
## उपभोक्ता समूहको गठन

**१०. उपभोक्ता समूहको गठनः**

(१) नगरपालिकाको क्षेत्र भित्रको वन क्षेत्रको सामूहिक हितका लागी वनको विकास र संरक्षण गर्न तथा वन पैदावरको उपयोग गर्न स्थायी बासिन्दाहरु मध्येबाट नगरपालिकाको सामान्य निर्देशनमा अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य सहित बढीमा ७ जनाको उपभोक्ता समूह गठन गर्न सक्नेछन ।

(२) उपनियम (१) बमोजिम गठित समूहमा ३३ प्रतिशत महिलाको सहभागित हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम उपभोक्ता समूह गठन गरिएकोमा सो को जानकारी ५ दिन भित्र नगरपालिकाको कार्यालयमा दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम गठित समूहका पदाधिकारीको पदावधि २ वर्ष हुनेछ ।

(५) उपनियम (१) बमोजिम गठित समूहमा सम्बन्धित वडाध्यक्ष पदेन सदस्य हुनेछ ।

(६) उपभोक्ता समूहको कम्तिमा महिनामा १ पटक बैठक बस्ने छ ।

(७) उपभोक्ता समूहको काम कर्तव्य र अधिकार नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**११. उपभोक्ता समूहका सदस्यको योग्यताः** उपभोक्ता समूहका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित वन क्षेत्रको स्थायी वासिन्दा

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्यौंट गर्न बाँकी नरहेको

(ङ) अन्य उपभोक्ता समूहमासदस्यनरहेको

## परिच्छेद - ४
## प्रवेश अनुमति सम्बन्धमा

**१२. वन क्षेत्रमा प्रबेश अनुमतिः**

(१) नगरपालिकाको वन क्षेत्रमा प्रवेश गर्दा नियम ९ बमोजिम अनुमति लिई नगर कार्यपालिकाले तोकेको शुल्क बझाई वन क्षेत्रमा प्रवेश गरी वन पैदावार संकलन गर्न सक्ने सकिनेछ।

(२) उपनियम (१) बमोजिम वन पैदावार संकलनका लागी लाग्ने प्रवेश शुल्क वन पैदावारको प्रकृति अनुसार नगर कार्यपालिकाले फरक फरक प्रवेश शुल्क निर्धारण गर्न सक्नेछ।

(३) यस कार्यविधीको नियम (१) र (२) अन्तर्गत बन पैदावारबाट संकलन भई आएको कच्चा पदार्थलाई यस नगरपालिकाले आधुनिक कारखाना स्थापना गरी प्रशोधन गर्न सक्नेछ।

## परिच्छेद - ५
## विविध

**१३. उपभोक्ता समूहले प्रयोग गर्ने रसिदः**

(१) प्रत्येक वर्ष वन क्षेत्रमा प्रवेश गर्दा लाग्ने शुल्क असुल गर्नका लागी नगरपालिकाले रसिद नं. उल्लेख सहितको तीन प्रतिका दरले रसिद छपाई गरी प्रत्येक उपभोक्ता समूहबाट भर्पाई लिइ रसिद दिनु पर्नेछ।

(२) रसिदबाट प्राप्त रकम सहितको प्रतिवेदन प्रत्येक तीन महिनामा नगरपालिकामा पठाउनु पर्नेछ। (३) आर्थिक वर्ष सकिएको ३ दिन भित्र सो वर्षका जिम्मा लिएका सबै अर्धकट्टी सहितका रसिदहरु नगरपालिकामा फिर्ता गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको प्राप्त रकमबाट नगर कार्यपालिकाबाट

तोकिए बमोजिमको रकम उपभोक्ता समूहको आन्तरीक कार्यका लागी प्रदान गर्न सकिनेछ ।

१४. **काठको ओसारपसारः** नगरपालिका क्षेत्रका काठको कटान खरिद बिक्री एवं ओसारपसार नगरपालिकाले तोकेको शुल्क बुझाइ नगरपालिकाको अनुमति लिई गर्नुपर्नेछ ।

१५. **क्षेत्र तोक्नेः** नगर कार्यपालिकाले कुनै क्षेत्रलाई बीउ उत्पादन अनुसन्धान वा तालिम संचालन क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

१६. **अधिकार प्रत्यायोजनः** यो कार्यविधि बमोजिम नगर प्रमुखले आफूलाई प्राप्त अधिकार अन्य पदाधिकारी वा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. **कार्यविधिको व्याख्याः** यो कार्यविधिको अन्तिम व्याख्या कार्यपालिका वा कार्यपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ ।

१८. **कार्यविधि संशोधनः** यस कार्यविधिका प्रावधानहरुमा थपघट एवं संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही नगर सभाको हुनेछ ।

१९. **बाधा अडचन फुकाउ र बचाउः** स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस कार्यविधिमा व्यवस्था भए बाहेकका बिषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ । संघीय सभा र प्रदेश सभाटबाट संघीय स्वरुपका कानून निर्माण भै लागू नभएसम्म यसै कार्यविधिमा लेखिए बमोजिम काम कारवाही गरिनेछ ।



CamScanner

## अनुसूची - १

पूर्वमा सुलीगार्डको दोभानबाट सुलीगार्ड भेरी नदीबाट ज्यालासा, छेप्का, नाखिरे, याँची सुम्दुवाको पश्चिम पुनिका खोलाको कुनासादेखि पश्चिमलाई डाँडासम्म, पश्चिममा दुवारी जेहिदेवल, तुलधारा खोला, आसेढुङ्गा, फल्यारा खरक,कोसीडावा तिनेदेउली हुँदै नौहेरी लेख, उत्तरमा चाल्नावार हिउचुली हुदै कुनासा लेकसम्म र दक्षिणमा घागरे हिमचुली, सागवारी लेख, सोग्ने खोला, ढेकीचन डाँडा, बारुला लेख र यामार्खा लेख ।

**प्रमाणिकरण मिति :**

**राजपत्रमा प्रकाशित मिति :**

CamScanner